# Training on Capacity Development
## Center Mobilizer
## Magh 17, 2076 Regional Office, Attariya




निर्धन उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेड क्षेत्रीय कार्यालय अत्तरीया कैलालीले आफ्नो क्षेत्र अर्न्तगतका २० वटा शाखा कार्यालयमा कार्यरत २८ जना केन्द्र परिचालकहरुको उपस्थितीमा मिती २०७६ माघ १७ गते केन्द्र परिचालकहरुको क्षमता अभिबृद्धि तालिम सम्पन्न गरेको छ ।

क्षेत्रीय कार्यालय अत्तरियाका क्षेत्रीय प्रबन्धक श्री शंकर प्रसाद न्यौपानेको अध्यक्षतामा सम्पन्न भएको तालिमको संचालन क्षेत्रीय कार्यालय अत्तरियाका कार्यक्रम अधिकृत श्री मिन बहादुर हमालले गर्नु भएको थियो ।

तालिममा केन्द्र संचालकको कार्य विवरण, कर्जा सदुपयोगिता निरीक्षण र ग्राहक तथा परियोजनाको मुल्यांकनका बारेमा क्षेत्रीय प्रमुख श्री शंकर प्रसाद न्यौपानेले कक्षा लिनुभएको थियो । त्यसैगरी कर्जा बिश्लेषण, केन्द्र सचांलन गर्दा ध्यान दिनु पर्ने कुराहरु, जोखिम कर्जा व्यबस्थापन तथा भाखा नाघेको कर्जा असुल गर्ने उपाय सम्बन्धमा अत्तरीया क्षेत्रीय कार्यालयका कार्यक्रम अधिकृत श्री मिन बहादुर हमालले सहजिकरण गर्नु भएको थियो ।



*तालिममा कक्षा संचालन गर्दै अत्तरीया क्षेत्रका क्षेत्रीय प्रमुख*

Copyright © 2020, Nirdhan Utthan Laghubitta Bittiya Sanstha Limited. All rights reserved. 